जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १२ • अंक २०९ • २०८२ जेष्ठ ६ गते मंगलवार • 20 May 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

सूचना
जनकपुरधाममा
घरभन्दा पनि राम्रो
खाना सहितको कक्षा
८ सम्मको व्यवस्थित
होस्टेलको लागि
सम्पर्क
९८१५८३०६०१

## सहमहामन्त्री यादवद्वारा वाटरपार्क निरीक्षण



जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, ५ जेष्ठ

नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादव नेतृत्वको टोलीले सोमबार दिउँसो क्षीरेश्वरनाथ नगरपालिका-१ रमदैयास्थित वाटरपार्कको स्थलगत निरीक्षण गरेका छन् । निरीक्षणको क्रममा यादव नेतृत्वको टोलीले तोडफोडबाट वाटरपार्कमा भएको क्षतिबारे जानकारी लिएका हुन् । केही महिना अघि मात्र संचालनमा आएका वाटरपाकमा गएको शनिबार कक्षा १२ को परीक्षा दिएका विद्यार्थीहरुले तोडफोड गरेका थिए ।

वाटरपार्कमा अनधिकृत रुपमा प्रवेश गरेका विद्यार्थीहरुले उपद्रव गर्न थालेपछि प्रहरीले हस्तक्षेप गरेपछि झडप भएको थियो । कमजोर व्यवस्थापनको कारण भएको अराजक स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले ४ राउण्ड अश्रुग्यास पनि प्रहार गरेको थियो । वाटरपार्कमा जडान गरिएको सीसीटीभी क्यामरा, गमला लगायतमा विद्यार्थीहरुले तोडफोड गरेका थिए । तोडफोडले वाटरपार्कमा पुगेको क्षतिबारे संचालकहरुले नेता यादव नेतृत्वको टोलीलाई जानकारी गराएका छन् ।

धनुषा निर्वाचन क्षेत्र-४ स्थित वाटरपार्कमा भएको तोडफोडप्रति दुःख व्यक्त गर्दै नेता यादवले ढुक्क भएर उद्योग व्यवसाय संचालन गर्नका लागि आग्रह गरे । तपाईहरुले सुरक्षा सम्बन्धी कुनै प्रकारको चिन्ता लिनुपर्दैन, उनले भने- सुरक्षाको व्यवस्थापन गर्न आफूहरुले हरसम्भव सहयोग गर्छु । पूर्व खानेपानी मन्त्री समेत रहेका सहमहामन्त्री यादवले उद्योगी, व्यापारीको सुरक्षा राज्यको जिम्मेवारी रहेकाले यसप्रकारको क्रियाकलाप कदापि स्वीकार्य नहुने बताए । व्यवसायी मात्रै होइन, उनीहरुको व्यवसायको सुरक्षाको ग्यारेन्टी राज्यले गर्नुपर्ने तर्क गर्दै नेता यादवले यस प्रकारको घटना भविष्यमा दोहोरिन नदिनका लागि स्थानीय प्रशासनलाई सजग गराए ।

अनुगमन टोलीमा उर्जा, सिंचाई तथा खानेपानी मन्त्री शेषनारायण यादव, मधेश प्रदेश सदस्य बजरंग यादव, डा. संजिव यादव, कार्यकारिनी समिति सदस्य रमेश महतो सिंह मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकूलपति डा. अंकुर साह, नेपाली कांग्रेसका नेता मोहन माथेमा, क्षीरेश्वरनाथ नगरपालिकाका उपप्रमुख रचना माथेमा, जनकपुरधाम उद्योग वाणिज्य संघ अध्यक्ष पदका प्रत्यासी मनिषरमन साह लगायतको उपस्थिति रहेको थियो ।

## कुरीति विरुद्ध किशोर किशोरी, 'इजोत' प्रदर्शन



जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, ५ जेष्ठ

समाजिक कुरीतिउपर किशोर किशोरीले कचहरी नाटकमार्फत जोडदार प्रहार गरेका छन् । समाजमा विद्यमान रहेका बालविवाह, भागी विवाह र दाइजो प्रथाको किशोरकिशोरीहरु रचनात्मक ढंगले कचहरी नाटकमार्फत प्रहार गरेका हुन् ।

जसलाई भन्नुछ, उसैले गर्नुछ भन्ने नारालाई सार्थक बनाउँदै धनुषाका किशोरकिशोरीहरु आफ्नै विद्यालयमा मात्रै होइन, जिल्लाका अन्य विद्यालयहरुमा पनि यस्ता कुरीति विरुद्धको कचहरी नाटक 'इजोत' मंचन गर्दै जनचेतना फैलाउने सार्थक प्रयास थालेका छन् । उनीहरुले आफ्नो अभिनयले उपस्थित दर्शकको राम्रै प्रशंसा पाइरहेका छन् । मधेशमा अभिशाप बनेको बालविवाह, भागी विवाह र दहेज प्रथाविरुद्ध उनीहरुले आफै कचहरी नाटकको पटकथा तयार गर्नुका साथै अभिनय पनि गरिरहेका छन् । लाइफ नेपालको सहयोग तथा विद्यालयहरुको समन्वयमा जिल्लाको विभिन्न विद्यालयहरुमा जनचेतनामूलक इजोत नामक कचहरी नाटक प्रदर्शन गरिएको हो ।

बालविवाह, भागी विवाह र दाइजो प्रथाले समाजमा पारेको असरबारे नाटकमा दर्शाइएको थियो । सोमबार मात्रै मावि सोहनी मुजेलिया र मावि सपहीमा इजोत नाटक प्रदर्शन गरिएको हो । बालविवाह र भागी विवाह अन्त्य गरौ, दाइजो प्रथा सदाका लागि अन्त्य गरौ भन्ने नारा घन्काउँदै किशोर किशोरीहरुले आफ्नो भविष्यप्रति गंभीर हुने जस्ता संदेश प्रवाह गर्न सफल भएका छन् । नाटकको क्रममा ४ सय बढी किशोर किशोरी, शिक्षकहरुको उपस्थिति रहेको थियो । नाटकमा रोशनी साह, अर्चना मुखिया, राखि झा, सहिदा खातुन, बबिता यादव, आशा यादव, राहुल श्रेष्ठ, धिरज यादव लगायतले अभिनय गरेका थिए । मावि सोहनी मुजेलियाका प्रअ भोला यादव र मावि सपहीका प्रअ जयकुमार यादवको विशेष उपस्थिति रहेको थियो ।




GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open !
+2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence

## लु (तातोहावा) का असर र बच्ने उपाय

**(लु) का असर**

- थकाई लाग्ने
- कमजोरी हुने
- बढी तिर्खा लाग्ने
- टाउँको दुख्ने
- खुट्टा बाउँडिने
- रिङ्टा लाग्ने
- बेहोस हुने
- मांसपेशी दुख्ने
- वान्ता हुने आदि ।

**(लु) बाट बच्ने उपाय**

- प्रशस्त पानी तथा झोल पदार्थ पिऊँ
- शरीर कमजोर भएमा जीवनजल पिऊँ
- शितल छहारीमा बसौं
- घाम लाग्ने बेला खेतबारीमा काम नगरौं
- घाममा निस्कँदा छाता ओढौं
- अत्यावश्यक कामबाहेक बाहिर ननिस्कौं
- मौसमी फलफूल र तिनको रस सेवन गरौं
- (लु) लागेमा नजिकको स्वास्थ्य केन्द्रमा सम्पर्क गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रकाशको सुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



सम्पादकीय....................

# अघोषित लोडसेडिंग बन्द गर

नेपाल भरी अघोषित लोडसेडिंगले सबै क्षेत्रलाई नकारात्मक रुपमा प्रभाव पारी आजित तुल्याएको छ। विद्युत प्राधिकरणको निर्देशक कुलमान घिसिंग रहेको बेलादेखि नै नेपालमा लोडसेडिंग हटेको थियो। यसको प्रमुख कारणको रुपमा वहाँको कुशल व्यवस्थापन तथा काम प्रतिको जवाफदेहिता थियो। जहाँ पनि राम्रो काम गर्नेको मूल्याँकन तल्लो कोटीको हुने झै कुलमान घिसिंगको दिनरातको मिहिनेतको बाबजुद वहाँलाई राजिनामा दिन लगाउनु ज्यादै नै दुःखद क्षण थियो नेपाली जनताको लागि।

नव नियुक्त प्रबन्ध निर्देशक हितेन्द्र देव शाक्य आएदेखि नेपाली जनता फेरी लोडसेडिंगको समस्या खेप्नु परेको देखिन्छ जुन पूर्णरुपमा अघोषित रहेको छ। नेपालमा अहिले निर्माणदेखि विभिन्न क्षेत्रहरुका व्यवसायहरु स्वस्थ लगानी तथा सुरक्षा अभावका कारण असफल भएको देखिन्छ। विद्युतबाट संचालित व्यवसायहरु,विद्यालय,क्याम्पस समेत अघोषित लोडसेडिंगका कारण नराम्ररी प्रभावित भएको कारण अविलम्ब यो अघोषित लोडसेडिंग हटाउने बेला भइसकेको देखिन्छ।

अहिले वर्तमान सरकार तथा सम्बन्धीत सरोकारबालाहरुले समेत यस सम्बन्धी ठोस निर्णय दिन सक्नुपर्दछ। निर्देशक फेरेर मात्रै कुनै पनि समस्याको समाधान भेटाउदैन। यसको लागि चतुर व्यवस्थापक तथा इमानदार व्यक्तिको चयन गरिनु पर्दछ। सम्भव भए कुलमान घिसिंगलाई पुनःसम्मानपूर्वक बहाली गरी अघोषित लोडसेडिंग हटाउनु जरुरी देखिन्छ।

# सामाजिक रुपान्तरणको लागि हातेमालो आवश्यक




जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, ५ जेष्ठ

मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले सामाजिक रुपान्तरणका लागि हातेमालो आवश्यक रहेको बताएका छन्। ऋषिवंश एकता सेवा समाज नेपालको छैठौं साधारणसभा तथा वार्षिक समिक्षा कार्यक्रमको सोमबार जनकपुरधाममा उद्घाटन गर्दै मुख्यमन्त्री सिंहले सामाजिक रुपान्तरण कुनै एक पक्षको प्रयासले सम्भव नरहेको उनले थपे। सामाजिक रुपान्तरणका लागि सबैको सहयोग र समन्वय आवश्यक रहेको उनले बताए। शिक्षा र स्वास्थ्यमा पछाडि परेको मधेश प्रदेशमा सामाजिक रुपान्तरण गर्न शिक्षाको विकास गर्नुपर्नेमा उनले जोड दिए। शिक्षाबिना सामाजिक रुपान्तरणको कल्पना गर्न सकिदैन्, उनले भने- शिक्षाले स्वतः रुपान्तरण हुन्छ। त्यसैले रुपान्तरणको लागि शिक्षा आवश्यक छ। उनले सिरहाको लहानमा निर्माण हुने भनिएको अम्बेडकर पार्कले खासगरेर दलित जनतालाई प्रेरित गर्ने विश्वास व्यक्त गरे। मुख्यमन्त्री सिंहले ३२ वटा डिग्री हासिल गरेका डा.अम्बेडकरको प्रतीमा ले जनतालाई शिक्षाको महत्व महशुस गराउने तर्क गरे। भारतमा डा.अम्बेडकरले लेखेको संविधान अहिलेसम्म लागू रहेको उल्लेख गर्दै मुख्यमन्त्री सिंहले डा.अम्बेडकर पार्कको नाममा राजनीति नहुनुपर्ने धारणा राखे। मुसहर समुदायलाई कम्तीमा एसईई र विवाह २० वर्ष पछि गर्नुपर्छ, उनले भने- मुसहर समुदायमा शिक्षाको स्तर अति कमजोर भएका कारण अहिलेसम्म पछाडि परेको छ। मुसहर समुदायका लागि पनि आगामी बजेटमा कुनै न कुनै प्याकेज ल्याउने आश्वासन मुख्यमन्त्री सिंहले दिए। ऋषिवंश एकता सेवा समाज नेपालका अध्यक्ष लोचन सदाको अध्यक्षतामा भएको कार्यक्रममा उपराष्ट्रपतिका सल्लाहकार चन्देश्वर सदा, मधेश प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. सोहन साह, हंसपुर नगर पालिकाका पूर्व मेयर रामज्ञान मण्डल, नेकपा एमाले नेता देवकृष्ण मण्डल, दलित संघर्ष समिति सिरहाका अध्यक्ष अरुण सदा, रामकुमारी राम, प्रमिला सदा, शिवा सदा, समाजका कोषाध्यक्ष जयप्रकाश सदा लगायतले शुभकामना मन्तव्य राखेका थिए।

# सुँगुरको खोरभित्र थुनेर कुटपिट



जलेश्वरटुडे समाचारदाता
सर्लाही, ५ जेष्ठ

सर्लाहीको सीमावर्ती क्षेत्रस्थित पर्सा गाउँपालिका ५ मा सुँगुरको खोरभित्र थुनेर कुटपिट गरेको घटनाको विषयमा प्रहरीले अनुसन्धान अघि बढाएको छ। स्थानीय तस्लिम अन्सारीलाई सुँगुरको खोरभित्र थुनेर कुटपिट गरेको भिडियो अहिले सामाजिक सञ्जालमा चर्चामा छ। प्रहरीले सो घटनामा संलग्न पाँच जनालाई पक्राउ गरेको छ।

राजेन्द्र साह सोनार, छोरा कमलेश, पप्पुकुमार यादव र राहुलकुमार महतोसँगै तस्लिम अन्सारी र राजेन्द्र साह सोनारबिच सुनचाँदीको गरगहना बनाउने विषयमा विवाद भएको बुझिएको छ। प्रारम्भिक अनुसन्धानमा दुवै पक्षबाट हातपात तथा कुटपिट भएको पाइएको र यस सम्वन्धमा थप अनुसन्धान भइरहेको सर्लाही प्रहरीका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक सरोज राईले जानकारी दिनुभयो। राजेन्द्र पक्षका चार जनालाई अमानवीय व्यवहार र धर्म सम्बन्धी कसुरमा तथा तस्लिमविरुद्ध अभद्र व्यवहारमा सर्लाही जिल्ला अदालतबाट म्याद थप गरेर अनुसन्धान अघि बढाइएको डिएसपी राईले बताउनुभयो।





अनुरोधकर्ता
धनगढीमाई नगरपालिका
सिरहा, मधेश प्रदेश


## तपाईको टुडे

मेष: विचार गरेर बोल्नुहोला
वृष: खानपानमा समस्या आउने
मिथून: आम्दानी हुने
कर्कट: मनमा पछुतो आउने
सिंह: लामो यात्राको योग छ
कन्या: अनावश्यक चिन्ता
तुला: अनावश्यक खर्चको संभावना
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: पढाईमा ध्यान दिनुपर्ने
मकर: पिछडेको साथी मिल्ने
कूम्भ: अशुभ समाचार प्राप्त हुने
मीन: शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# इन्डोनेसियाको पूर्वी क्षेत्रमा रहेको सुनखानीमा पहिरो जाँदा ६ जनाको मृत्यु, १४ बेपत्ता

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ५ जेष्ठ



इन्डोनेसियाको सुदूर पूर्वी क्षेत्रमा रहेको एक सुनखानी नजिकै आएको बाढी र पहिरोमा परी कम्तीमा ६ जनाको मृत्यु भएको छ भने एक दर्जनभन्दा बढी बेपत्ता भएका छन्।

उद्धारकर्मीले बेपत्ता व्यक्तिको खोजी गरिरहेका छन् । स्थानीय खोज तथा उद्धार निकायका प्रमुख येफ्री सबरुद्दिनले शुक्रबार राति पश्चिम पपुवा प्रान्तमा घण्टौंको भारी वर्षाका कारण पहिरो र बाढी आएको बताए। 'उपलब्ध पछिल्लो तथ्याङ्क अनुसार छ जनाको मृत्यु भएको छ भने १४ जना वेपत्ता भएका छन्। वेपत्ता उनीहरूको खोजी भइरहेको छ,' उनले भने। राष्ट्रिय विपद् न्यूनीकरण निकाय ९बीएनपीबी० का प्रवक्ता अब्दुल मुहारीका अनुसार बाढीको पानी खनिकहरूले प्रयोग गर्ने शिविरमा पसेको हो।

'स्थानीय समयअनुसार राति ९:०० बजेतिर माथिबाट आएको बाढीको पानीले परम्परागत सुन खानीमा काम गर्नेहरूको अस्थायी आवास क्षेत्रमा क्षति पुर्यायो र उनीहरूका टेन्ट र उपकरणहरू बगायो,' मुहारीले एक विज्ञप्तिमा भनेका छन्। खनिज-समृद्ध दक्षिणपूर्वी एशियाली राष्ट्र इन्डोनेशियामा इजाजतपत्र बिनाका खानीहरू सामान्य छन्, जहाँ परित्यक्त साइटहरूले स्थानीयहरूलाई आकर्षित गर्दछ जसले उचित सुरक्षा उपकरणबिना खानीमा बचेको सुन र अयस्कको खोजी गर्छन्।

# राष्ट्र बैंकद्वारा आजको विदेशी मुद्रा विनिमय दर सार्वजनिक



जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ५ जेष्ठ

नेपाल राष्ट्र बैंकले आज सोमबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ। बैंकका अनुसार अमेरिकी डलर एकको खरिद दर १३६ रुपैयाँ ५२ पैसा र बिक्री दर १३७ रुपैयाँ १२ पैसा तोकिएको छ।

युरोपियन युरो एकको खरिद दर १५२ रुपैयाँ ४० पैसा र बिक्री दर १५३ रुपैयाँ ०७ पैसा, युके पाउण्ड स्टर्लिङ एकको खरिद दर १८१ रुपैयाँ २२ पैसा र बिक्री दर १८२ रुपैयाँ ०२ पैसा, स्वीस फ्र्याङ्क एकको खरिद दर १६२ रुपैयाँ ९४ पैसा र बिक्री दर १६३ रुपैयाँ ६६ पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिद दर ८७ रुपैयाँ ४१ पैसा र बिक्री दर ८७ रुपैयाँ ८० पैसा, क्यानेडियन डलर एकको खरिद दर ९७ रुपैयाँ ७६ पैसा र बिक्री दर ९८ रुपैयाँ १८ पैसा, सिङ्गापुर डलर एकको खरिद दर १०५ रुपैयाँ ०३ पैसा र बिक्री दर १०५ रुपैयाँ ४९ पैसा निर्धारण भएको छ।

जापानी येन १० को खरिद दर नौ रुपैयाँ ३७ पैसा र बिक्री दर नौ रुपैयाँ ४२ पैसा, चिनियाँ युआन एकको खरिद दर १८ रुपैयाँ ९४ पैसा र बिक्री दर १९ रुपैयाँ ०२ पैसा, साउदी अरेबियन रियाल एकको खरिद दर ३६ रुपैयाँ ४० पैसा र बिक्री दर ३६ रुपैयाँ ५६ पैसा, कतारी रियाल एकको खरिद दर ३७ रुपैयाँ ४५ पैसा र बिक्री दर ३७ रुपैयाँ ६२ पैसा कायम छ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिद दर चार रुपैयाँ ०९ पैसा र बिक्री दर चार रुपैयाँ ११ पैसा, युएई दिराम एकको खरिद दर ३७ रुपैयाँ १७ पैसा र बिक्री दर ३७ रुपैयाँ ३४ पैसा, मलेसियन रिङ्गेट एकको खरिद दर ३१ रुपैयाँ ७८ पैसा र बिक्री दर ३१ रुपैयाँ ९२ पैसा, साउथ कोरियन वन १०० को खरिद दर ९ रुपैयाँ ७६ पैसा र बिक्री दर ९ रुपैयाँ ८० पैसा, स्वीडिश क्रोनर एकको खरिद दर १३ रुपैयाँ ९६ पैसा र बिक्री दर १४ रुपैयाँ ०२ पैसा र डेनिस क्रोनर एकको खरिद दर २० रुपैयाँ ४३ पैसा र बिक्री दर २० रुपैयाँ ५२ पैसा तोकिएको छ।




लहान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिरहा मधेश प्रदेश नेपाल


# रानी बन्ने भइन् सुहानाकी आमा, शाहरुख खान हत्याराको भूमिकामा

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ५ जेष्ठ



गत महिना बलिउड गायिका सोनु कक्कडले सार्वजनिक रूपमै आफ्ना भाइ टोनी र बहिनी नेहासँगको सम्बन्ध अन्त्य गर्न लागेको भन्दै पोस्ट गरेकी थिइन्। तर यसको केही दिनपछि तिनै जना आफ्ना आमाबाबुको वार्षिकोत्सवमा सँगै नाचिरहेको देखिए। तस्बिरहरू बाहिर आएदेखि नै तीन जना बिचको मेलमिलापको खबर तीव्र भएको छ।

आइतबार नेहा कक्कडले आफ्नो आधिकारिक इन्स्टाग्राम खातामा आमा बाबुको बिहेको वार्षिकोत्सवका कयौं तस्बिर र भिडियोहरू पोस्ट गरेकी थिइन् । एउटा तस्बिरमा, सोनु कक्कड आफ्ना आमाबाबु, भाइ टोनी र बहिनी नेहासँग पोज दिइरहेको देखिन्छिन् सोनु यसबाहेक अन्य कुनै पनि तस्बिर वा भिडियोमा देखिएकी छैनन्। आपसी मतभेदका बिचमा यी तीन जना आमाबाबुको विशेष दिन मनाउन एकसाथ आएको अड्कल गरिएको छ। अप्रिल १२ मा सोनु कक्कडले आफ्नो आधिकारिक एक्स प्लेटफर्ममा आफ्नो भाइ-बहिनीसँग सम्बन्ध तोड्ने घोषणा गरेकी थिइन। 'म तपाईंहरू सबैलाई यो जानकारी गराउन पाउँदा धेरै दुःखी छु कि म अब दुई प्रतिभाशाली सुपरस्टार नेहा कक्कड र टोनी कक्कडकी दिदी रहिनँ। मैले यो निर्णय गहिरो भावनात्मक पीडाका साथ गरेको छु र म आज साँच्चै दुःखी छु' उनले लेखेकी थिइन्। भाइ र बहिनीसँग होली मनाएको एक महिनापछि आएको सोनूको यो पोस्ट फ्यानहरू चकित भएका थिए। सो अवसरका तस्बिरहरूसँगै नेहाले 'हामी कहिले छुट्टिने छैनौं' भनेर क्याप्सन लेखेकी थिइन् । सोनूको पोस्टपछि टोनी कक्कडको जन्मदिनको पार्टीको तस्बिरमा सोनूबाहेक सारा कक्कड परिवार उपस्थित थियो।

# फिनालिसिमा : प्रतीक्षा अर्जेन्टिना र स्पेनबीचको खेलको

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ५ जेष्ठ



युरोप र दक्षिण अमेरिकी महादेशको च्याम्पियन टोलीबीच हुने फाइनल खेल अर्थात फिनालिसिमाको तेस्रो संस्करण आगामी वर्ष २०२६ मा हुने तय भएको छ।

दक्षिण अमेरिकाको महादेशिय प्रतियोगिता कोपा अमेरिकाको विजेता अर्जेन्टिना (विश्वकप विजेता समेत हो) र युरोपको प्रतियोगिता युरोको विजेता स्पेनबीच अर्को वर्ष फिनालिसिमा हुने भएको हो । विश्व फुटबलको दुई चर्चित टोली र आफ्नो महादेशको च्याम्पियन दुई टोलीबीच खेल हुने भएपछि अहिले यो खेलको प्रतीक्षा बढ्न थालेको छ । पाराग्वेको असुन्सिओनमा भएकग ७५औं फिफा कंग्रेसको अवसरमा दक्षिण अमेरिका फुटबल संघ कन्मेबोल, युरोपेली फुटबल महासंघ युइएफएसहित अर्जेन्टिनी फुटबल संघ एएफए र रोएल स्पानिस पुटबल फेडेरेसन (आरएफइएफ) को प्रतिनिधिहरुबीच पहिलो पटक छलफल भएको थियो।

जहाँ कोपा अमेरिका २०२४ को विजेता र युरो २०२४ को विजेताबीच फिनालिसिमा खेल हुनेबारे छलफल भएको थियो। खेल अर्को वर्ष हुने भनिएपनि मिति र स्थान तोकिएको छैन। खेलको आयोजना बारे विस्तृत विवरण केही समयमा सार्वजनिक गरिने युइएफएले जनाएको छ। तर विश्वकप फुटबलको सर्वोच्च निकाय फिफाले अर्जेन्टिना र स्पेनबीच हुने फिनालिसिमाका लागि २०२६ मार्च २३ देखि ३१ सम्मको मिति उपलब्ध गराएको अन्तर्राष्ट्रिय मिडियाहरुले जनाएको छ। विश्व विजेता समेत रहेको अर्जेन्टिनाले पछिल्लो पटक सन् २०२२ मा भएको फिनालिसिमा जितेको थियो।

# बालिका सशक्तिकरण परियोजनाको पालिकास्तरीय समीक्षा

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, ५ जेष्ठ

धनुषाको कमला नगरपालिकामा संचालित बालिका सशक्तिकरण (जीएसएस) परियोजनाको प्रारम्भिक बालविकास सम्बन्धी पालिकास्तरीय वार्षिक समीक्षा गोष्ठी सोमबार सम्पन्न भएको छ । प्लान इन्टरनेशनल नेपालको साझेदारीमा सपोर्ट नेपालले बालिका सशक्तिकरण परियोजना कमला नगर पालिकाको वडा नं. १, २, ३ र ४ मा संचालन गरेको छ। ती मध्ये वडा नं. १ र २ मा प्रारम्भिक बालविकास सम्बन्धी क्रियाकलाप गरिएको छ।

नगर प्रमुख विशेश्वर यादवको अध्यक्षतामा भएको वार्षिक समीक्षा गोष्ठीमा परियोजना अन्तर्गत संचालन गरिएको क्रियाकलापबारे सपोर्ट नेपालका अनुगमन तथा मुल्यांकन अधिकृत अनिलकुमार साहले जानकारी गराएका थिए। साहले एक प्रस्तुतिकरण गर्दै २०२४ को जुन महिनादेखि २०२५ को अप्रिल महिनासम्म गरिएको क्रियाकलाप र त्यसले समाजमा पारेको प्रभावबारे चर्चा गरे । गर्भावस्थादेखि ८ वर्षमुनिका बालबालिकालाई प्रारम्भिक बालविकास भनिएको बताउँदै उनीहरुको स्याहार र आवश्यक पोषणयुक्त भोजन व्यवस्थानका लागि अभिभावकहरुलाई तालिमसँगै अभ्यास नै गराएको साहले बताए। महिलाकै जिम्मेवारी बुझ्ने मानसिकता रहेको बालबालिकाको हेरचाहमा अब भने पुरुषको पनि संलग्नता बढेको उनले बताए। परिवर्तनको संवाहक सीओसी कक्षामार्फत ती वडाका किशोरकिशोरीहरुलाई लैंगिक समानता, यौन तथा प्रजनन स्वास्थ्य र अधिकारको बारेमा जानकारी प्राप्त भएको छ। परियोजना संचालनमा आएपछि दुवै वडाका विद्यालयमा प्रजनन स्वास्थ्यसम्बन्धी खुलेर पठनपाठन, बालिकाहरु आफ्नो समस्याहरु निर्धक्कसँग बोल्ने र छिटो विवाहको असरबारे जनचेतना वृद्धि अनुगमन तथा मुल्यांकन अधिकृत साहले जानकारी दिए। परियोजनाले मुख्यगरी स्वास्थ्य आमा समूह/अभिभावक शिक्षाका सदस्यहरुलाई करेसावारी सम्बन्धी अभिमुखिकरण, स्वास्थ्यकर्मीहरुले अभिभावक शिक्षाको अनुगमन, खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी तीन दिने प्रशिक्षक प्रशिक्षण



तालिम संचालन गरेको छ । सो अवसरमा नगर प्रमुख यादवले सामाजिक रुपान्तरणमा अहम भूमिका निर्वाह गरेकाले परियोजनाले अन्य वडाहरुमा पनि लागू गर्नुपर्नेमा जोड दिए। महिलाहरु अभिभावक शिक्षा समूहमा आवद्ध भएर करेसाबारीमा तरकारी फलाएका छन्, उनले भने- यसप्रकारको कार्यले अन्य महिलापनि प्रेरित हुन्छ। बालिका सशक्तिकरण परियोजनाले गर्भावस्थादेखि ८ वर्ष उमेर समूहका बालबालिकालाई लक्षित गरेर संचालन गरेको प्रारम्भिक बालविकास सम्बन्धी क्रियाकलाप प्रभावकारी रहेको नगर प्रमुख यादवले जिकिर गरे। परियोजनालाई निरन्तर ता दिनुपर्नेमा जोड दिदै नगर प्रमुख यादवले नगरपालिकाको सहयोग र समन्वय आगामी दिनमा पनि कायम रहने जानकारी दिए।

# बजेटको एकल लक्ष्य रोजगारी सिर्जना

-अनेकथरी नयाँ शीर्षकमा बजेट छर्नुभन्दा एउटा मुख्य सन्देश दिने, प्रमुख विषय र त्यसैलाई केन्द्रमा राखी योजना तथा कार्यक्रम ल्याउनुपर्छ। ठोस कार्यान्वयनको आधारबिना नै अत्यधिक महत्त्वाकांक्षी योजना तथा नाराका रूपमा कार्यक्रमहरू प्रस्तुत गर्ने प्रवृत्ति बढ्दै जाँदा बजेट झनै अवास्तविक र लोकप्रियतामुखी बन्दै गएको देखिन्छ।

बजेटले राखेको लक्ष्य र वास्तविक उपलब्धिबीच लामो दूरी सिर्जना भएको देखिन्छ। उदाहरणका लागि, विगत २ वर्षको तथ्यांक हेर्दा कुल अनुमानित खर्चभन्दा यथार्थ खर्च करिब २० प्रतिशतभन्दा बढीले कम भएको देखिन्छ। वास्तविक पुँजीगत खर्च अनुमानको दुई तिहाइमात्र हुने गरेको देखिन्छ। चालु आर्थिक वर्ष २०८१/०८२ का लागि अनुमानित बजेटको आकार, यसै वर्षको अर्धवार्षिक समीक्षामा १० प्रतिशतले घटाइएको छ। पुँजीगत खर्च १५ प्रतिशतले कम गरिएको छ। बजेट केवल एक वर्षका कार्यक्रमहरूको सूची मात्र नभई, यो सरकारको दीर्घकालीन सोच, रणनीति र नीति दिशानिर्देशको निरन्तरता हो। यसले सरकारको मध्यअवधिको मार्गचित्र पनि प्रस्तुत गर्छ। जसमा समावेश कार्यक्रमहरू नीतिगत स्थिरता, परिणाममुखी योजना र दिगो वित्तीय व्यवस्थापनको पक्षमा हुनुपर्छ। सिद्धान्ततः हरेक वर्षको बजेट निर्माण प्रक्रियाको सुरुआत विगत केही वर्षअघिदेखि नै गरिएको हुनुपर्छ। किनकि, यसले मुलुकको दीर्घकालीन आर्थिक लक्ष्य, संरचनागत सुधार र दिगो विकास योजनाहरूसँग समन्वय गर्न सकोस्। सामान्यतः बजेट वक्तव्यमा उल्लेखित एउटा कार्यक्रम वा परियोजनाले करिब २ देखि ३ वर्षको अवधि तयारीका क्रममा यसअघि पूरा गरेको हुन्छ। यसबीचमा परियोजनाको पहिचान, सम्भाव्यता अध्ययन, लागत लाभको अध्ययन इत्यादिको प्रक्रिया पूरा हुने गर्छ। व्यक्तिगत प्रभाव वा भावनाका आधारमा राखिने आयोजना न त समयमा सम्पन्न हुन्छन् न त्यसबाट सोचे अनुसार प्रतिफल प्राप्त हुन्छ। संघीय संरचना भएको हाम्रो जस्तो मुलुकमा समाजका सबै पक्षबीचको अन्तर्क्रिया, सरोकारवालाहरूको संलग्नता, विस्तृत वित्तीय विश्लेषण, स्थानीय निकायको संलग्नताका आधारमा आयोजना छनोट हुनु जरुरी हुन्छ। रोजगारीमा वृद्धि, देशको समृद्धिः नेपालमा बेरोजगारी उच्च छ। त्यसैले वैदेशिक रोजगारीमा जानेको संख्या बढिरहेको छ। केन्द्रीय तथ्यांक विभागले गरेको पछिल्लो श्रमशक्ति सर्वेक्षणले बेरोजगारी दर ११.४ प्रतिशत देखाए पनि यो दर निकैमाथि रहेको अनुमान गर्न सकिन्छ। बेरोजगारी समस्या समाधानलाई प्राथमिकतामा राख्नु आवश्यक छ। रोजगारी सिर्जना केवल उत्पादन एवं आर्थिक वृद्धिको विषय मात्र होइन, अहिलेको चरम निराशा अन्त्य, शान्तिपूर्ण र स्थिर समाज निर्माणको महत्त्वपूर्ण आधार पनि हो। देशलाई लोकप्रियतामुखी मात्र नभई व्यावहारिक, कार्यान्वयनयोग्य र स्पष्ट उद्देश्यमा केन्द्रित बजेटको खाँचो छ। हालको युवा बेरोजगारी रं वैदेशिक रोजगारीको वृद्धिको अवस्थालाई मध्यनजर गर्दा सबैभन्दा प्राथमिकताको रूपमा रोजगारी सिर्जनामा ध्यान केन्द्रित गरिनु आवश्यक देखिन्छ। आवश्यकता र प्राथमिकताका सूची अरू पनि छन् तथापि अनेकथरी नयाँ शीर्षकमा बजेट छर्नुभन्दा एउटा मुख्य सन्देश दिने, प्रमुख विषय र त्यसैलाई केन्द्रमा राखी सोको वरिपरि त्यसलाई सहयोग पुग्ने योजना तथा कार्यक्रम ल्याउनु उपयुक्त हुन्छ। यद्यपि चालु रहेका योजनालाई बजेट विनियोजनको कार्य भने रोकिनु हुन्न। रोजगारी सिर्जनामा केन्द्रित विशेष कार्यक्रमहरूमा सीप विकास, स्वरोजगार प्रवर्द्धन, उद्यमशीलतामा सहयोग, श्रममुखी पूर्वाधार निर्माण तथा रोजगारी सिर्जना गर्ने उद्योगहरूका लागि कर तथा लगानी प्रोत्साहन पर्न सक्छन्।



बजेटले रोजगारीका लागि निश्चित लक्ष्यहरू तोक्नुका साथै स्रोत विनियोजन पनि त्यसैअनुसार गर्न सकेमा सरकारप्रति जनविश्वाससमेत बढ्नेछ। नेपालले पनि यस्तो दूरदृष्टियुक्त बजेट ल्याएर रोजगारी सिर्जनालाई समावेशी आर्थिक वृद्धिको आधारका रूपमा लिन सक्दछ। सबल अर्थतन्त्र हुनका लागि रोजगारी सिर्जनाको दर काम गर्न सक्ने र काम गर्न चाहने उमेर समूहको जनसंख्या वृद्धिदरभन्दा बढी हुनु आवश्यक हुन्छ। छिमेकी मुलुक भारतले सन् २०२४-२५ को बजेटमा रोजगारीलाई मुख्य प्राथमिकतामा राखी बजेटको प्रमुख नारा नै तय गरेको थियो। ९ प्रतिशतभन्दा बढीको बेरोजगारी दर रहेको तथ्यलाई प्रमुख समस्या मानी सोको समाधानका लागि राष्ट्रिय बजेटमा स्पष्ट र एकीकृत रूपमा रोजगारी सिर्जनालाई मुख्य विषयवस्तु बनाएको थियो। सिंगापुर वैदेशिक लगानीलाई आकर्षण गर्दै, नवप्रवर्तनको प्रवर्द्धन, शिक्षा र सीप विकासमा दीर्घकालीन रूपले लगानी गर्दै सुदृढ र दिगो रोजगारीको क्षेत्र निर्माण गर्न सफल भएको छ।

जर्मनीले बेरोजगार युवाहरूलाई व्यावसायिक तथा सेवाकालीन तालिम दिने साथै व्यवसायी, श्रमिक युनियन र सरकारबीच त्रिपक्षीय सामाजिक साझेदारी सम्झौताहरू गर्ने र सोको माध्यमबाट औद्योगिक शान्ति र स्थायित्व कायम राख्दै आयआर्जनको अवसरहरू विस्तार र उत्पादन वृद्धि गरेको थियो। आइसल्यान्डले पर्यटन क्षेत्रमा गुणस्तरीय सेवा प्रवर्द्धन, अनियमितता र ठगी नियन्त्रण गर्दै यस क्षेत्रलाई आर्थिक विकासको इन्जिन बनाएको छ। रुवान्डाले उद्यमशीलता र वैदेशिक लगानीलाई प्रोत्साहन गरेर युवा पुस्तालाई आत्मनिर्भर बनाउने बाटो र अवसर सिर्जना गरेको देखिन्छ। नेपाल सरकारले पनि नयाँ रोजगारी सिर्जना गर्ने नीति तथा कार्यक्रमहरू ल्याउने, कर प्रणालीमा सुधार र लगानी प्रवर्द्धनमार्फत निजी क्षेत्रसँग सहकार्य गर्दै रोजगारी वृद्धि गर्न सक्छ। उदाहरणका रूपमा तल केही नीति र कार्यक्रमहरू उल्लेख गरिएको छ, जसको कार्यान्वयनबाट स्वदेशमा रोजगारी वृद्धि गरी युवा पलायनलाई उल्लेख्य रूपमा रोक्न सकिन्छ।

सांभार : कान्तिपुर।


## घर भाडामा चाहियो

जनकपुरधाम परिक्रमा सडकभित्र २ देखि ४ कटठा जग्गामा नीजि विद्यालय संचालन गर्नको लागि खाली खेल मैदान,बस पार्किंग सहितको कम्तिमा १० वटा पक्की कोठे भवन भएको जग्गाधनीले तलको मोबाइलमा तुरुन्त सम्पर्क गर्न जानकारी गराइन्छ।

सम्पर्क : ९८२४८७७६२७,९८४४०२७९७१





अनुरोधकर्ता
सिरहा नगरपालिका
सिरहा, मधेश प्रदेश







अनुरोधकर्ता
गोलबजार नगरपालिका
सिरहा, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday